**माननीय मुख्य न्यायाधीश**
**पुनरावेदन अदालत ............. ।**

नेपालको अन्तरिम संविधान बमोजिम सम्माननीय राष्ट्रपति महोदयद्वारा मलाई नेपालको प्रधान न्यायाधीश पदमा नियुक्त गर्नु भएको अवसरमा यहाँहरूबाट प्राप्त बधाई र शुभकामनाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

संक्रमणकालबाट गुज्रिरहेको नेपालको राजनीतिक परिदृश्यले सामाजिक, आर्थिक, प्रशासनिक एवं कानूनी जगतमा समेत अनेकन संक्रमणकालिन चुनौतिहरू उपस्थित गरेको कुरा यहाँहरूमा विदितै छ । अनिश्चितता र अस्थिरता संक्रमणकालका चुनौति हुन् भने परिवर्तन र विकास तत्कालिन समाजका अपेक्षाहरू हुन् । यो प्रवृत्ति अन्य क्षेत्रका अतिरिक्त न्यायक्षेत्रको पनि हो भन्ने कुरामा विवाद छैन । अपेक्षाकृत स्थायी र स्थापित मूल्य मान्यताको आधारमा चल्ने संस्था भएकोले न्यायापालिकाले संक्रमणकालको यो घडीमा पनि आफ्नो संवैधानिक दायित्वलाई न्यायिक दर्शन, मूल्य र मान्यताको आधारमा जनताको राज्य संयन्त्र खास गरी कानूनी राज्य प्रतिको आस्था बहाल राखी राख्न यस संस्थाका हरेक तहमा रहेका हामी सबैले निरन्तर र अथक प्रयास गर्नु परेको छ । यो संस्थाले विगतदेखि हालसम्म देखाएको संयम, सुझबुझ र रचनात्मक दृष्टिकोणले कानूनी राज्यको हरेक फाँटमा संभाव्य उथलपुथल वा अस्तव्यस्तताको स्थितिलाई रोकी यथासंभव निश्चित, व्यवस्थित र भरपर्दो दिशा दिन सकेको छ र पछिका दिनमा पनि अनपेक्षित जुनसुकै विषम परिस्थितिमा पनि न्यायको दीपक प्रज्ज्वलित गराईरहन सक्ने क्षमता, दृष्टिकोण र तत्परता हामीमा अपेक्षित छ भन्ने मलाई लाग्दछ । हाम्रा कामहरू र सेवाहरू यिनै आवश्यकता र अपेक्षाहरूबाट अनुप्राणित रहनु पर्दछ र सो अनुसारका हाम्रा साझा प्रयासबाट समयको अन्तरालमा पनि आफ्नो उद्देश्यमा हामी खरो उत्रन सक्नेछौं भन्ने आशा मैले लिएको छु ।

मैले लामो समयसम्म न्यायिक सेवामा काम गरी आर्जन गरेको अनुभवका साथै प्रधान न्यायाधीशको नियुक्तिसँगै विभिन्न कोणबाट प्राप्त सुझाव र सरोकार अनि सोसँग जोडिएको उत्तरदायित्ववोधका आधारमा न्यायपालिकामा विद्यमान समस्याहरू समाधान गरी आफ्नो लक्षित गन्तव्यतर्फ पुग्ने क्रममा केही खास कुराहरूमा तत्कालीन रुपमा हाम्रो ध्यान आकृष्ट हुनुपर्ने देखिएको हुँदा देहाय बमोजिम गर्नु हुन यो निर्देशन जारी गरेको छु। आफ्नो तथा आफू मातहतका सबै अदालत र न्यायाधीशहरूलाई यस निर्देशनको बारेमा जानकारी प्रवाह गरी न्यायलाई निश्चित, स्वच्छ र गुणस्तरयुक्त बनाउन सम्भाव्य सबै उपायहरू अवलम्बन गरी सहयोग गर्नु हुनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु।

१. न्यायपालिकाको काम कारवाही छिटो छरितो, सर्वसुलभ र पहुँचयोग्य हुन नसक्नुमा विभिन्न विकृतिहरू कारकतत्वको रुपमा रहेको भन्ने तथ्य विकृतिविहिन न्यायपालिकाको विकास अध्ययन कार्यदलद्वारा प्रस्तुत प्रतिवेदनबाट उजागर भएको छ। सो अध्ययन प्रतिवेदनको पूर्ण कार्यान्वयन गरी न्यायपालिकालाई विकृतिविहित संस्थाको रुपमा स्थापना गर्नु हामी सबैको साझा कर्तव्य हो। प्रतिवेदन कार्यान्वयनका लागि लिनुपर्ने नीतिगत निर्णय र चालिनुपर्ने सुधारका कार्यहरू यथाशीघ्र थालिने नै छ। आफ्नो तहबाट अदालतको काम कारवाहीलाई विकृतिविहित बनाई न्याय सम्पादनको कार्यमा हरदम प्रयासरत रहनु होला।

२. योजना भनेको आफैंमा एउटा अनुशासनमा आधारित कार्यक्रम हो। दोस्रो रणनीतिक योजनाको प्रारम्भसँगै २ वर्षे मुद्दाहरूमा केही नियन्त्रण कायम हुन आएको पाईएतापनि अझै पनि धेरै अदालतहरूमा २ वर्ष पुराना मुद्दाहरूको संख्या प्रशस्त रहेको देखिएको छ। आगामी आषाढ मसान्त सम्ममा २ वर्षे मुद्दाको संख्या शून्यमा झार्ने गरी योजनाले प्रक्षेपण गरे बमोजिमको समान लक्ष्य हासिल गर्ने दिशामा अझ बढी प्रोत्साहित भएर थप अनुशासन र लगनका साथ काम गर्नु हुनेछ।

३. दोस्रो रणनीतिक योजनाले हरेक तहका अदालतलाई आफ्नो स्थिति र आवश्यकता अनुसारको व्यावहारिक कार्ययोजना बनाई कार्यान्वयन गर्न आव्हान गरेको व्यहोरा विदितै छ । दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको प्रथम वर्ष समाप्त हुन लागेको स्थिति हुँदा आगामी आषाढ मसान्त सम्ममा प्रथम वर्षमा प्राप्त उपलब्धिको समीक्षाका साथै आगामी आर्थिक वर्षका लागि वार्षिक कार्ययोजना बनाई पेश गर्नु हुनेछ ।

४ अदालतको महत्वपूर्ण निधि भनेको यस प्रतिको जनआस्था हो भन्ने कुरा हामी सबैलाई अवगत नै छ । अदालतको जनआस्था अदालतको छविमा निर्भर रहेको हुन्छ र अदालतको छवि एक दिनमा वा एकजनाको वा एउटा मुद्दाको कारणले बनेको हुँदैन । धेरैजनाको लामो मेहेनतले एक किसिमको छवि निर्माण भएको हुन्छ भने कसैको सानो लापरवाही र हेलचक्र्याईले सिङ्गो संस्थाको छवि धमिलिन सक्छ । त्यसैले हामीबाट सम्पादन हुनुपर्ने काम कर्तव्यका सन्दर्भमा किञ्चित पनि विसंगति र विचलन देखापरेमा यस्ता विसंगतिजन्य कार्यहरूसँग प्रारम्भमै सशक्त ढङ्गले निपट्नु पर्छ भन्ने मेरो मान्यता छ । न्यायपालिकामा हुनसक्ने भ्रष्टाचार वा अख्तियार दुरुपयोगको स्थितिको लागि नेतृत्वपङ्तिमा रहनु हुने यहाँहरूले शुन्य सहनशीलता (Zero Tolerance) को मापदण्ड अपनाई कार्य गर्नु हुनेछ ।

५. कुनै पनि न्यायाधीश र कर्मचारीको मुल्यांकन हाम्रो सम्पर्कमा आएको कारणले वा हामीले कसैको बारेमा बनाएको धारणाले निरोपित गर्ने नभै तिनीहरूले सम्पादन गरेको कार्यको मूल्यांकन (Performance indicators) को आधारमा वस्तुपरक ढङ्गले हुनुपर्छ भन्ने कुरामा विवाद हुन सक्दैन । यसै हेतु हरेक न्यायाधीशको मासिक कार्य फछ्र्यौट प्रतिवेदन र तत्सम्वन्धी मूल्यांकन सम्बन्धित न्यायाधीशको व्यक्तिगत फाइलको अङ्ग बनाउने तर्फ म लागिरहेको कुरा अवगत गराउन चाहन्छु । यस अभियानमा यहाँहरूले आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुनेछ ।

६. न्यायिक प्रक्रियाको आधुनिकीकरण गरी न्याय व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई बढी भरपर्दो र संस्थागत गर्ने दिशामा हाम्रा प्रयासहरू अगाडि बढीरहेको यहाँहरूलाई विदितै छ । तथापि सूचना प्रविधिको प्रयोगबाट अझै पनि अपेक्षित

मात्रामा उत्पादकत्व बृद्धि भएको महशुस गर्न सकिएको छैन । त्यसैले संस्थागत र व्यक्तिगत रुपमा समेत सूचना प्रविधिको अधिकतम उपयोग गरी न्यायिक प्रक्रियालाई छिटो, छरितो र भरपर्दो बनाउने तर्फ विशेष ध्यान दिनु हुनेछ ।

७. मुद्दाका पक्षको रुपमा रहेका बालक, बृद्ध, अशक्त, महिला र सामाजिक एवं आर्थिक रुपले पछि परेका वर्गको उचित कानूनी प्रतिनिधित्व गराई न्याय सम्पादन गर्नु हामी सबैको कर्तव्य हो । वैतनिक कानून व्यवसायीबाट त्यस्तो वर्गको प्रतिनिधित्व गराउने न्यायपालिका भित्रको प्रणाली अन्तर्गतकै अभ्यास भएपनि असमर्थ पक्षले त्यसको अधिकतम् सेवा लिन पाएको अनुभव भएको छैन । यसलाई बढि उपयोगी बनाउने तर्फ यहाँले विचार गर्नु हुनेछ भन्ने मैले ठानेको छु ।

८. सेवाग्राहीप्रतिको सम्मान एवं शालीन व्यवहारबाटै अदालत प्रतिको जनआस्था अभिवृद्धि हुने हो । त्यसैले न्याय प्राप्तिको उद्देश्यले अदालतमा आउने प्रत्येक सेवाग्राहीसँग न्यायाधीश र अदालतका कर्मचारीलगायत सबैले शिष्ट, शालीन एवं नम्रतापूर्ण व्यवहार प्रदर्शन गरी उनीहरूको पिरमर्काको सुनुवाइ गर्ने व्यवस्था गर्नुका साथै आफ्नो तहबाट गर्न सकिने कार्य समयमै गर्नु गराउनु होला ।

९. प्रत्येक तहको अदालतमा कार्यरत न्यायाधीश न्यायिक काम कारवाहीको सन्दर्भमा आफैमा एउटा नेतृत्वदायी व्यक्ति पनि हो । त्यसमा पनि पुनरावेदन अदालतका मुख्य न्यायाधीशको भूमिका अझ बढी महत्वपूर्ण छ । आफू मातहतका अदालत र अर्धन्यायिक निकायहरूको अनिवार्य रुपमा निरीक्षण गरी गराई यस्तो निरीक्षणलाई रीत पुऱ्याउने परम्परा धान्ने कार्यमा मात्र सीमित नराखी निरीक्षण कार्यलाई उद्देश्यमूलक र वस्तुपरक बनाउन प्रयास गर्नु हुनेछ ।

१०. हाम्रा कतिपय अदालतहरूमा अझै पनि मिसिल कागजातहरूको अभिलेख राख्ने पद्दतिलाई एकरुपता एवं वैज्ञानिकता प्रदान गर्न सकिएको छैन । त्यसैले छिनुवा मिसिलहरू फैसला मितिका आधारमा अभिलेखवद्ध गरी व्यवस्थापन गर्नु हुनेछ ।

११. अदालतबाट भएका फैसलाहरू समयमै कार्यान्वयन हुन नसके पक्षले न्याय पाएको अनुभूति गर्न नपाउने मात्र होइन, अदालतप्रतिको जनआस्थामा नै प्रतिकूल असर

पर्दछ । न्याय क्षेत्र समन्वय समिति लगायत अन्य सरकारी निकाय र संयन्त्रहरूलाई सक्रिय गराई रणनीतिक योजनाले लिएको लक्ष्य अनुरुप समय मै फैसला कार्यान्वयन गराउने तर्फ विशेष पहल गर्नु होला ।

१२. अदालतको स्रोत र साधनहरू अदालतको वास्तविक काममा नै खर्च हुनुपर्ने कुरामा दुइमत छैन । लेखा परीक्षण गर्दा बेरुजु हुने र अरुको नजरबाट हेर्दा अशोभनीय लाग्ने काम हुन नदिई आर्थिक अनुशासन कायम गर्ने तर्फ विशेष ध्यान दिनु होला ।

१३. न्यायाधीशको आचरणको विषयलाई लिएर समय समयमा टिकाटिप्पणी हुनेगरेको सन्दर्भमा हाम्रो आचरणमा वाञ्छित सुधार ल्याई आफूलाई अनुशासित न्यायाधीशको रुपमा स्थापित गर्नु हामी सबैको साझा कर्तव्य हो । न्यायाधीशहरूको आचारसंहिता, २०६५ को पूर्ण रुपमा पालना गर्न गराउन प्रोत्साहित गरी पालना नभएको देखिएमा अनुगमन संयन्त्र समक्ष जानकारी गराउनु होला ।

१४. न्यायिक काम कारवाहीबाट अनुचित फाइदा लिई अदालत प्रति जनतामा नकारात्मक सन्देश प्रवाह गर्ने एउटा वर्गको रुपमा विचौलियाहरू क्रियाशील रहेको तथ्य उजागर हुन आएको छ । त्यस्ता शंकित व्यक्तिहरूको गतिविधि माथि निगरानी राखी त्यस्तो वर्गबाट न्याय सम्पादनको कार्यमा पर्न जाने प्रभाव प्रति सचेतता अपनाउनु होला ।

१५. न्यायपालिकाको काम कारवाहीका सम्वन्धमा अल्पसूचित टिकाटिप्पणी तथा गलत र भ्रामक समाचार संप्रेषणबाट समस्त न्यायपालिका माथि नै नकारात्मक प्रभाव पर्ने हुँदा न्यायिक काम कारवाही सम्बन्धी सूचनाको सम्प्रेषण आधिकारिक पदाधिकारी मार्फत मात्र गर्ने व्यवस्था मिलाउन र स्थानीय पत्रकारहरूसँग आबधिक अन्तर्क्रिया गर्ने परीपाटी अपनाउनु होला ।

१६. न्यायाधीशहरूको विदा स्वीकृत गर्दा वा काज खटाउँदा अदालत तथा सम्बन्धित न्यायाधीशको कार्य सम्पादन लक्ष्यमा प्रतिकूल असर नपर्ने गरी मात्र विदा स्वीकृत गर्ने वा काज खटाउने गर्नु होला ।

१७. मातहत कर्मचारीहरूको गुनासो सुनी उनीहरूको पीरमर्का समाधान गर्ने व्यवस्था गर्नुका साथै अदालत कार्यविवरण निर्देशिका, २०५७ तथा सम्बन्धित अदालतको नियमावलीमा व्यवस्था भएअनुरुप प्रत्येक कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी किटान गरी कार्य सम्पादनस्तर र सेवाको गुणस्तरका आधारमा अनुगमन, नियन्त्रण र निरीक्षण गरी दण्ड र पुरष्कारलाई वस्तुनिष्ठ रुपमा क्रियान्वित गर्ने गर्नु होला ।

१८. पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३क. मा उल्लेख भएका विषयहरूलाई गम्भीरतापूर्वक मनन गरी त्यस वमोजिमका विवरणहरू समावेश गरी समयमै त्यसको प्रतिवेदन पठाउने व्यवस्था मिलाउनु होला ।

१९. अदालतका सेवाग्राहीहरूसँग समय समयमा अन्तर्क्रिया वा छलफल गरी उनीहरूको गुनासो वा पिरमर्का सुन्ने व्यवस्था गर्नुका साथै अदालतका काम कारवाहीको सम्बन्धमा उठ्ने जनगुनासो वा उजूरीहरूको सुनुवाई गरी तत्कालै त्यस्ता गुनासो वा उजूरी समाधान गर्ने व्यवस्था मिलाउनु होला ।

२०. मेलमिलाप पद्दतिलाई हाम्रो न्याय प्रणालीको अभिन्न अङ्गका रुपमा स्थापित गरी सकिएको सन्दर्भमा मेलमिलापको प्रक्रियालाई प्रोत्साहित गर्न आवश्यक उपाय अवलम्वन गर्नु होला ।

२१. विभिन्न अदालतहरूमा मुद्दा मुलतवीको संख्या अपेक्षाकृत रुपमा बढी देखिएको हुँदा कानूनको परिधिभित्र रही तुरुन्त मुलतवी जगाई कार्य थालनी गर्नु गराउनु हुन र मुलतवी जगाई कारवाही शुरु गरेको तथ्यांक सर्वोच्च अदालतलाई उपलब्ध गराउनु होला ।

२२. यस अघि तत्कालीन प्रधान न्यायाधीशज्यूहरूबाट दिइएका निर्देशनहरूको पालना एवं कार्यान्वयनको सम्बन्धमा आफू र आफ्नो मातहतका अदालतहरूबाट भएको प्रगतिको समीक्षा गरी यथाशीघ्र प्रतिवेदन समेत पठाउने व्यवस्था गर्नु होला ।

न्यायिक काम कारवाहीमा स्वतन्त्रता समानता, निष्पक्षता, स्वच्छता, पारदर्शिता कायम गर्दै न्यायपालिकाप्रति जनताको आस्था र विश्वास अभिबृद्धि गर्न, लोकतान्त्रिक पद्धति अनुरुप उत्तरदायी एवं गतिशील न्यायपालिकाको स्थापना गर्न, योजनाबद्ध

कार्यक्रमहरूको माध्यमबाट न्यायमा जनताको सहज पहुँच कायम हुने वातावरण निर्माण गरी छिटो, छरितो, सुलभ एवं स्वच्छ न्याय प्रदान गर्न हामी सबै दृढ संकल्पित छौं । यसै परिप्रेक्ष्यमा हाम्रो लगनशीलता, सक्षमता, इमान्दारी र पारदर्शिताबाट नै न्याय सम्पादनको कार्यमा सुधार आउने हुँदा आफ्नो तहबाट यस पुनित कार्यमा दत्तचित्त भई लागिरहनु हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

अन्त्यमा नव वर्ष २०६७ को पुनित अवसरमा म यहाँहरूमा **हार्दिक शुभकामना** पनि व्यक्त गर्दछु ।

धन्यवाद ।

(**रामप्रसाद श्रेष्ठ**)
प्रधान न्यायाधीश